# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

# Swarojgar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था ( राष्ट्रियस्तर कार्यक्षेत्र भएको )
केन्द्रीय कार्यालय : बनेपा -५, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६१०६०, ६६५३४८, ईमेल : info@slbbl.com.np

## UNAUDITED QUARTERLY FINANCIAL STATEMENT

### At Quarter Ended Chaitra, 2078.079

NRs.In'000

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 8,221,669.65 | 7,519,819.85 | 5,648,085.45 |
| 1.1 | Paid-up Capital | 514,099.12 | 514,099.12 | 411,279.30 |
| 1.2 | Reserves and Surplus | 225,152.58 | 183,554.54 | 165,288.00 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 4,006,033.41 | 3,528,486.17 | 2,318,783.67 |
| 1.5 | Deposits (a+b) | 3,068,323.87 | 2,911,076.68 | 2,418,197.67 |
| | a. Domestic Currency | 3,068,323.87 | 2,911,076.68 | 2,418,197.67 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 56,473.91 | 38,646.18 | 48,674.94 |
| 1.7 | Other Liabilities | 351,586.76 | 343,957.16 | 285,861.86 |
| 2 | Total Assets (2.1 to 2.7) | 8,221,669.65 | 7,519,819.85 | 5,648,085.45 |
| 2.1 | Cash & Bank Balance | 266,597.42 | 223,224.93 | 245,070.57 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 51,010.00 | 1,010.00 | 1,010.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 7,634,440.98 | 7,066,469.81 | 5,217,106.28 |
| | a. Real Estate Loan | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 7,634,440.98 | 7,066,469.81 | 5,217,106.28 |
| 2.5 | Fixed Assets | 46,093.92 | 44,111.36 | 43,175.51 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 223,527.33 | 185,003.75 | 141,723.08 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 716,649.12 | 455,344.50 | 453,752.48 |
| 3.2 | Interest Expense | 404,421.70 | 242,038.80 | 223,036.55 |
| A | Net Interest Income (3.1-3.2) | 312,227.42 | 213,305.70 | 230,715.92 |
| 3.3 | Fees Commission and Discount | 859.83 | 826.81 | 3,422.57 |
| 3.4 | Other Operating Income | 100,573.49 | 67,806.17 | 76,803.70 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| B | Total Operating Income (A+3.3+3.4+3.5) | 413,660.74 | 281,938.68 | 310,942.19 |
| 3.6 | Staff Expenses | 133,738.43 | 89,752.10 | 107,142.53 |
| 3.7 | Other Operating Expenses | 79,179.36 | 46,141.95 | 49,197.95 |
| C | Operating profit Before Provision (B-3.6-3.7) | 200,742.95 | 146,044.63 | 154,601.71 |
| 3.8 | Provision for Possible Loss | 16,047.80 | 18,625.48 | 66,248.96 |
| D | Operating profit (C-3.8) | 184,695.15 | 127,419.16 | 88,352.74 |
| 3.9 | Non-Operating Income/Expenses (Net) | 24,467.49 | 15,714.86 | 11,742.29 |
| 3.10 | Write Back of Provision for Possible Loss | | | 78,720.37 |
| E | Profit From Regular Activities (D+3.9+3.10) | 209,162.65 | 143,134.01 | 178,815.40 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| F | Profit Before Bonus and Taxes (E+3.11) | 209,162.65 | 143,134.01 | 178,815.40 |
| 3.12 | Provision For Staff Bonus | 20,916.26 | 14,313.40 | 17,881.54 |
| 3.13 | Provision For Tax | 56,473.91 | 38,646.18 | 48,280.16 |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 131,772.47 | 90,174.43 | 112,653.70 |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 9.36% | 9.53% | 10.41% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.83% | 2.92% | 2.75% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 63.92% | 68.13% | 75.63% |
| 4.4 | Cost of Funds | 10.01% | 9.09% | 6.88% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 248.81% | 242.74% | 215.74% |
| | Additional Information (Optional) | | | |
| | Average Yield (Local Currency) | 14.92 | 14.91 | 14.97 |
| | Net Interest Spread (Local Currency) | 4.91 | 5.82 | 8.09 |
| | Return on Equity | 23.77 | 25.85 | 26.05 |
| | Return on Assets | 2.14 | 2.40 | 2.66 |

| Interest Rate | | | | | |
|---|---|---|---|---|---|
| 1. | Deposits | 6%-14.21% | 2. | Loan& Advances | 10%-15% |

Note:
1.If the statutory audit and supervisory authority remarks to change, unaudited financial statement will be changed accordingly.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व.२०७८/०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन (२०७८/१२/३०)

**१) वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रतिशेयर आम्दानी (बार्षिकीकरण) | मूल्य आम्दानी अनूपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनूपात |
|---|---|---|---|---|
| रु. ३४.१८ | २८.५० Times | रु १४३.८० | रु. १,५९९.२४ | ८.६९% |

**२) व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
हाल बजारमा बढ्दै गएको तरलता को अभाव साथै बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्दै आइरहेको विपन्न वर्ग कर्जाको ब्याजदरमा उच्च वृद्धि हुदै जानु तर नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार लघुवित्त वित्तीय संस्थाले सदस्यहरुलाई प्रदान गर्ने कर्जाको ब्याजदर १५% सिमा नीतिका कारण लक्ष्य अनूसारको खुद ब्याज आम्दानी प्राप्तिमा कठिनाई रहेको छ, जसले गर्दा ब्याजदर अन्तरमा असर पर्न सक्ने देखिएको छ । यद्यपी संस्थाले तरलता सङकुचन को बाबजुत पनि उपलब्ध स्रोत साधनको सहि प्रयोग गर्दै विपन्न वर्गका सदस्यहरुको आवश्यकता पुरा गर्न संस्था दृढ रहेको छ । साथै संचालन लागतमा पनि नियन्त्रण गर्दै लक्ष्य अनुसारको मूनाफा प्राप्ति तर्फ अग्रसर रहेको छ । कोभिड-१९ को पहिलो र दोस्रो लहरले व्यवसायमा पारेको असर अझै पनि निर्मुल नभइसकेको र आउन सक्ने तेस्रो लहरका कारण पनि व्यवसायमा असर पर्न सक्ने आंकलन गरिएको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले हाल ३६ जिल्लामा कुल ९१ वटा शाखा कार्यालयहरु मार्फत १२८,७६९/- गरीब तथा विपन्न महिलाहरुलाई सदस्य बनाई सेवा प्रदान गरी रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु संचालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरेर लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । वित्तीय संस्थाले सदस्यहरुलाई लघुउद्यमशिल बनाउने अभिप्रायले समय-समयमा सिपमूलक तालिम तथा वित्तीय साक्षरता सम्बन्धि कार्यक्रमहरु गर्दै आइरहेको छ, साथै लक्षित वर्गहरुमा वित्तीय पहुँच उपलब्ध गराउने अभिप्रायले वित्तीय पहुँच नपुगेका ग्रामिण क्षेत्रहरुमा शाखा विस्तार गरि अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ । कर्मचारीको कार्य दक्षता वृद्धिका लागि विविध प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको तथा आगामी दिनहरुमा बढि भन्दा बढि कर्मचारीहरु लाई उक्त तालिमहरु मा सहभागि गराइ संस्थाको उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ । कर्जा असुली तथा जोखिम लाई व्यवस्थापन गर्न कर्जा जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न संस्थाले कर्जा असुली टोली बनाई परिचालन गर्दै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

संस्थाले आधुनिक बैंकिङ प्रणालीको प्रयोग गर्दै SMS Alert, Online payment को लागी e-Sewa, Khalti सँग सहकार्य गरी सदस्यहरुलाई बचत तथा किस्ता भुक्तानिको लागी सहजीकरण गर्दै आएको छ, साथै आगामी दिनहरुमा आधुनिक बैंकिङ प्रणालीको प्रयोग मा अझ विस्तार गर्दै लैजाने योजना रहेको छ ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने घटना आदी भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण:** विगतको अनुभवबाट जुन किसिमले सेवा विस्तार गरेको छ, सो बाट संस्थाले राखेका लक्ष्यहरु पुरा भएको हुँदा आगामी बर्षहरुमा पनि सबै लक्ष्यहरु समयमा नै हासिल हुनेमा संस्था व्यवस्थापन विश्वस्त छ । साथै नकारात्मक असरले पार्न सक्ने घटना हुन नदिन संस्था सचेत छ ।

**३) कानूनी कारवाही सम्बन्धी विवरण:**

क) त्रैमासिक अवधिमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४) लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण:**

क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा संस्थाको व्यवसायिक अभिवृद्धि सँगै कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख भएको र भविष्यमा पनि सकारात्मकता तर्फ उन्मुख हुने अपेक्षा गरिएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार मिति २०७८/१०/०१ देखि २०७८/१२/३० सम्मको अवधिमा संस्थाको शेयर को कारोबार विवरण निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.१,२९३ | रु.९५० | रु. ९७४.१० | ५८ | ४,३१२ |

**५) समस्या तथा चुनौती:**

**आन्तरिक समस्या तथा चुनौतीहरु:**

- दक्ष जनशक्तिको अभाव,
- भौगोलिक कठिनाईका कारण कर्मचारीको उत्पादकत्व क्षमतामा आउन सक्ने ह्रास,
- बढ्दो संचालन लागत तथा खुद व्याज आम्दानीमा संकुचन,

**वाह्य समस्या तथा चुनौतीहरु:**

- कोभिड-१९ को पहिलो र दोस्रो लहरले पारेको असर र आउन सक्ने तेस्रो लहरको प्रभाव,
- सदस्यहरुमा भएको कर्जा लगानीको दोहोरोपना र एकै कार्यक्षेत्रमा लघुवित्त संस्था विच हुने अस्वस्थ प्रतिस्पर्धा,
- सदस्यहरु द्धारा उत्पादित वस्तु तथा सेवाहरु को अव्यवस्थीत बजार व्यवस्थापन,
- नियमनकारी निकाय बाट फेरबदल हुन सक्ने नीति तथा नियमहरु,

**६) संस्थागत सुशासन:**

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्था सदैव प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनमा विशेष ध्यान दिदैं संस्थाले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ ।

क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, शेयरधनीहरु, लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न सदैव प्रतिबद्ध रहेको अवगत गराइन्छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरि संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आइरहेको छ ।

ख) संस्थागत सुशासन परिपालनाको लागि संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनिमयहरु, कर्जा लगानी तथा असुली निर्देशिका, कर्जा अपलेखन विनियमावली, समुह तालिम निर्देशिका, सुरक्षण कोष निर्देशिका अन्य आवश्यक कार्यविधिहरु बनाई लागु गरिएको छ ।

ग) संस्थाले आफ्नो कारोबार लाई चुस्त, दुरुस्त, छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यस्थापन तहमा लेखापरिक्षण समिति, व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम ब्यवस्थापन समिति तथा सम्पत्ति शुद्धीकरण समिति लगायत अन्य आवश्यक उप-समितिहरुको गठन गरेको छ ।

**७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।